पुर्चौडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दार्चुला, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

श्री

आज मिति २०७६ साल चैत्र ०६ गते यस पुर्चौडी नगरपालिका, नगरकार्यपालिका कार्यालयको बैठक नगर प्रमुख श्री रण बहादुर कुंवर ज्युको अध्यक्षतामा बसी विभिन्न निर्णयहरु गरिए ।

## उपस्थिति

| | | |
|---|---|---|
| (१) | श्री रण बहादुर कुंवर | नगर प्रमुख |
| (२) | श्री जानकी देव बम | नगर उपप्रमुख |
| (३) | श्री पृथ्वीराज अवस्थी | नि. प्रमुख प्रशासकिय अधिकृत |
| (४) | श्री नन्द राज पन्त | नायब सुब्बा (प्रशासन शाखा) |
| (५) | श्री विनोद कुमार कुंवर | स्वास्थ्य शाखा प्रमुख |
| (६) | श्री प्रविन खात्री | सूचना प्रविधि अधिकृत |
| (७) | श्री जिन महरा | रोजगार संयोजक |
| (८) | श्री हेम राज बडु | खरिदार |
| (९) | श्री राजेन्द्र बस्नेत | खरिदार |
| (१०) | श्री कुबेर चन्द | सब-इन्जीनियर |
| (११) | श्री अनुग्रा कुमारी ठगुन्ना | सि.अ.न.मि. अधिकृत |
| (१२) | श्री गोविन्द प्रसाद भट्ट | कार्यालय प्रमुख इ.प्र.का. |
| (१३) | श्री उत्तम बहादुर विष्ट | खरिदार स्टोर शाखा |
| (१४) | श्री धन सिंह बडाल | स.प्र.नि., प्रहरी प्रतिनिधि |

## प्रस्ताव हरु:

(१) सार्वजनिक सूचना जारी गर्ने सम्बन्धमा ।
(२) हेल्थ डेस्क स्थापना सम्बन्धमा
(३) समन्वय समिति गठन सम्बन्धमा ।
(४) औषधि /उपकरण व्यवस्थापन सम्बन्धमा ।
(५) पूर्व सतर्कता सम्बन्धमा ।

श्री न. प्र.

Scanned with CamScanner

## निर्णय नं. १

प्रस्ताव नं. १ मा छलफल हुँदा विश्वव्यापी रुपमा फैलिरहेको नोवेल कोरोना (Covid-19) रोगको जोखिम बढीरहेको सन्दर्भमा यस नगरपालिका क्षेत्र भित्र पनि सो रोगको संक्रमण भित्रिन नदिन पूर्व सतर्कताका लागी आम पुर्चौंडी वासी नागरिकहरूलाई सयमित र सतर्क रहन देहाय बमोजिमका बुदाहरु उल्लेख गरि सामाजिक संजाल, अनलाइन मिडिया रेडियो खेमेन स्यार, रेडियो नया नेपाल तथा सार्वजनिक रुपमा सूचना प्रसारण गर्ने निर्णय गरियो ।

### तपसील:

१. अनावश्यक रुपमा बजार तथा सार्वजनिक स्थलहरुमा भिडभाड नगर्ने, नगराने ।

२. मेला, जात्रा, ठूला सभा समारोह तथा भेला हाललाई आयोजना नगर्ने, २५ जना भन्दा बढी एकै ठाउमा भेला नहुने ।

३. टयुसन सेन्टर, कोचिंग क्लासहरु, तालीम, गोष्ठीहरु तत्कालका लागी बन्द गर्ने ।

४. आनावश्यक रुपमा यात्रा तथा भ्रमणमा नजाने, अतिआवश्यक भएमा मात्र घर वाहिर निस्कने, बजार, कार्यालय तथा अस्पताल जाने ।

५. समान्य रुघाखोकी तथा मौसमि ज्वरोका लक्ष्यण देखिएमा नजिकैको स्वास्थ्य संस्थामा गई अनिवार्य स्वास्थ्य परिक्षण गराउने ।

६. एक आपसमा हात नमिलाउने, अंकमाल नगर्ने, टाढैवाट अभिवादन गर्ने वानीको विकास गर्ने ।

७. खोक्दा, हाछ्यु गर्दा मुख छोप्ने, भिडभाडमा जानु पर्दा मास्कको सहि तरिकाले प्रयोग गर्ने, सधैं साबुनपानिले हात धुने र एकले प्रयोग गरेका लत्ताकपडा तथा भाँडाकुडा अर्काले प्रयोग नगर्ने ।

८. चिसोवाट बच्ने, तातो झोलिलो र पोषणयुक्त खानेकुरा प्रशस्त खाने,काचो मासु नखाने, माछा मासु राम्ररी पकाएर मात्र खाने, जाँड रक्सी सेवन नगर्ने ।

९. लामो समय पछि बाहिरबाट घर आएका ब्यक्तीले कम्तीमा १५ दिन छुट्टै खाने वस्ने (Self Quarantine) ब्यवस्था गर्ने ।

१०. ब्यापारीहरुले दैनिक उपभोग्य समाग्रीहरुको कृतिम अभाव श्रृजना नगर्ने ।

११. होटल ब्यावसयिहरुले सरसफाई र ग्रहाकको स्वास्थ्य सुरक्ष्यामा विशेष ध्यान दिने ।

१२. सार्वजनिक यातायातका साधनहरुमा यात्रुहरु नहुल्ने र सिट क्षमता भन्दा बढि यात्रु नओसार्ने ।

१३. अनावश्यक हो हल्लाको पछि नलाग्न तथा संयमित भै स्वस्थकर वानी ब्यवहार अपनाउन तथा विपदको अवस्थामा सबैले सक्दो सहयोग गर्न समेत अनुरोध गर्दछौं ।

धन्यवाद

बुर्चौडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३



निर्णय नं. २.

प्रस्ताव नं. २ मा छलफल हुँदा नयाँवर्ष को अवसरमा धेरै जनसंख्या घर फर्कने समय भएकाले नगर पालिका भित्रने बेला सबै भन्दा बढी आवत जावत हुने स्थान तथा स्थानिय नाका हरुमा स्वास्थ्यकर्मि सहित हेल्थ देहाय अनुसार हेल्थडेस्क स्थापना गरि संचालन गर्ने ।

(१) दोल्याभोड पु.न.पा. ६ ।
(२) बथल्लपुर वसपार्क ,, १ ।
(३) दहताल ,, ५ ।
(४) डाडीसपना ,, ९ ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ मा छलफल हुँदा संक्रमक रुपमा फैलिरहेको कोरोना (covid-19) रोगको पूर्व सतर्कता रोकथाम तथा प्रकोप न्युनिकरण र उपचार व्यवस्थापनका लागी तत्काल प्राप्त निर्देशिका बमोजिम हुने गरि वडा स्तरिय तथा नगरपालिका स्तरिय समन्वय समिति गठन गरि योजना निर्माण तथा कार्यान्वयन गर्ने ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ मा छलफल हुँदा कोरोना संक्रमण लगायत अन्य मौसमि स्वास्थ्य समस्याका लागी औषधि अभाव हुन नदिन नगर पालिकामा रहेको विपद व्यवस्थापन कोष, भर्सत अनुदान तथा समाजिक अनुदान आदी बाट कोष पर्किन गरि एक लाख थप औषधि, उपकरण, सुचना सामाग्री तथा परिचालन खर्चको तत्काल व्यवस्था गर्ने र तत्काल विपद व्यवस्थापन समितिको बैठक बाहि थप निर्णय लिने ।

निर्णय नं. ५

पूर्व सतर्कता तथा सुचना संप्रेषण प्रसारण गरि रोग संक्रमण भित्रिन नदिन सबै वडाका टोल टोल मा सुचना सामग्री वितरण, स्वास्थ्य कार्यमा समूह परिचालन, माइकिङ तथा बाहिरबाट आएका हरुलाई self quarantine का

पुर्चौंडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हाट, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

Page No.
Date

लागी आवश्यक व्यवस्थापन गर्ने वडा स्तरिय समन्वय समिति तथा RRT परिचालन गर्ने।

थप योजना निर्माण तथा कार्यान्वयनका लागी तत्काल कार्यपालिका बैठक बोलाई निर्णय लिने।

स्वास्थ्य संयोजक

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख